कानुनी साक्षरता शृंखला-१

# रमेशले न्याय पायो

## नि:शुल्क बिधिक सहायता



साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 251636*, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# रमेशले न्याय पायो

## ( निःशुल्क बिधिक सहायता )

कानुनी साक्षरता शृखला-९


साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Rameshla Nyay Payo :** This book is based on legal awareness for the neoliterates on free legal aids. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | रमेश को मिला न्याय |
| पुस्तक तयार पार्न कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अड्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी-781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी-21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# रमेशले न्याय पायो

रमेश डाँडागाउँका एकजना मजदूर थिए। उसको परिवारमा उसकी पत्नी राधा, छोरी छायाँ र छोरा हरीको साथ साथै आफ्नी बूढी आमा र बुवा रहने गर्थे। रमेश र उसकी पत्नी राधाले खेतमा मजदूरी गरि जसो–तसो परिवार पाल–पोस गर्दैथिए।

रमेशको घरकै छेउमा कुशल नामक एकजना किसान रहने गर्थे। गाउँमा उसको पाँच एकड़ जमीन थियो। त्यही जमीनमा रमेश र उसकी पत्नी राधा मजदूरी गर्दथे। दुवै पति–पत्नी कुशलको जमीनमा मजदूरी गर्न रूचाउँदैन थिए। किनभने कुशल राधालाई अर्कै नजरले हेर्ने गर्थ्यो। वाध्यतामा परेरै मात्र उनीहरु उसकामा मजदूरी गर्न जाने गर्थे। एक दिन रमेश र राधा दुवै पति–पत्नी कुशलको जमीनमा बिउ छर्न गए। कुशलले रमेशलाई हलो लिन भनि आफ्नो घर पठायो। रमेश गएको एकैछिनपछि उसले राधासित नराम्रो व्यवहार गर्न थाल्यो। त्यस दिनदेखि राधा र रमेश कुशलको जमीनमा मजदूरी गर्न जान छोडे। यसैले गर्दा कुशलले मनमनै उनिहरुमाथी प्रतिशोध लिन चाहेको थियो।



एकदिन गाउँका धनिराम साहूका घरबाट गहना चोरी भए। साहूकारले पुलिस थानामा रिपोर्ट लेखायो र रिपोर्ट मुताबिक पुलिसले गाउँमा छान-बिन सुरू गर्‍यो। यो देखेर कुशल मन-मनै सोच्न थाल्यो रमेशलाई यही मौकामा फंसाउन पाए उस्को बाटो खुल्ने थियो। चोरीको आरोपमा रमेश जेल गएपछि राधा अवश्य सहायता खोज्दै मेरै छैउमा आउने छे, किनभने यस क्षेत्रको वकील मेरो साथी हो।

कुशलले जांच गर्न आएका पुलिसलाई भन्यो कि गहनाको चोरी अरू कसैले हैन रमेशले गरेको छ।

पुलिसले छान-बिन गर्दा रमेशको घर पछिल्तिर साहूकारका केही गहना फेला पर्छन्। शंकाको आधारमा पुलिसले रमेशलई पक्राउ गरी थानामा लिएर जान्छन् यो देखेर राधा र रमेशकी बूढी आमा र बुवा भयभित हुन्छन्। राधा पनि चिन्ता र भयभित स्वरमा भन्न थाली "मेरा पतिलाई जेलबाट अब कसले बँचाउला? हामीसंग त वकीलको फिस दिने रूपियाँ पनि त छैन।"

राधाको कुरा सुनेर उसको छोरा हरिले भन्यो आमा धेरै चिन्ता नगर्नु हवस्। मैले बस स्टेशनको छेवैमा निःशुल्क



कानुनी सहायता केन्द्रको बोर्ड झुण्डेको देखेको छु। त्यहाँ दुइजाना वकील गाउँका पंचायत प्रधानसंग कुरा गर्दैथिए उनिहरु गरीबहरुलाई सरकारले न्याय दिलाउने कुरापनि गर्दैथिए। हामी त्यो आफिस जाऔं र पितालाई छुटाउने प्रयास गरौं।

राधाको डर केही घट्यो। उनिहरु निशुल्क कानुनी सहायता केन्द्र गए र वकीलसंग बातचित गरे।

दोश्रो दिन पुलिसले रमेशलाई कोर्टमा हाजेर गरायो। जजले रमेशलाई धेरै प्रश्न गरे। जबावमा रमेशेल एउटै कुरा भन्यो कि यो चोरी उसले गरको छैन, उसलाई झुटो आरोपमा बन्दी गरिएको छ। साथै उसले भन्यो कि उसको परिवार मेहनत मजदूरी गरेर जसो जसो चलेको छ।

कुरा सुनेर जजले रमेशलाई प्रश्न गरे तिम्रो कोही वकील छ, जसले तिम्रो पक्षमा मुद्दा लडेर तिमीलाई न्याय दिलाउन सक्छ? रमेशले भन्यो - हामी गरिब छौं। पढन-लेख्न पनि जान्दैनौं। हामी कसरी मुद्दा लड़न सक्छौं? मलाई कहिले मुक्ति दिनु हुन्छ? मैले मजदूरी नगरे मेरो परिवार भोकै रहने छ।



जजले रमेशका कुरा ध्यानले सुनेपछि

भने–हामी सरकारी खर्चमा तिम्रो पक्ष भएर लड्नको निम्ति एकजना वकीलको व्यवस्था गर्ने छौं।

निशुल्क कानुनी सहायता केन्द्रका वकील जजको छेउमा उपस्थित भए। राधा र हरीपनि उनिसंगै थिए।

वकील साहबले जमानतका कागजात पेश गरे। साथै जजलाई सम्पूर्ण सच्चाई सुनाएपछि जजले रमेशलाई मुक्त गर्ने निवेदन चढाए।

रमेश जमानतमा मुक्त भए। यता पुलिसले रमेशविरुद्ध मामिला दर्ता गरे। निःशुल्क कानुनी सहायता पूर्याउने वकीलले रमेशको पक्षमा मुद्दा लडे। उनले जज साहबलाई भने कि – रमेश निर्दोष छ। उसले केही अपराध गरेको छैन। यता पुलिसले पनि रमेशविरुद्ध कुनै प्रमाण दिन सकेन।

जजले धेरै समयसम्म बादी–प्रतिवादी दुबै पक्षको कुरा सुनेपछि अंतमा आफ्नो निर्णय सुनाउँदै भने – रमेशबिरूद्ध कुनै पनि अपराध भएको कुरा सिद्ध भएन, त्यसर्थ उनलाई बाइज्जत मुक्त गरियोस्।



## नि:शुल्क कानुनी सहायता

हर नागरिकको न्याय प्राप्त गर्ने अधिकार छ। गरीब व अशिक्षित व्यक्तिहरुले कोर्ट खर्च, वकील फीस आदि दिन सक्दैनन। यसै कारणले सरकारले नि:शुल्क (मुफ्त) कानुनी सुझाउ (सल्लाह) व सहायता प्रदान गर्ने कानुन बनाएको छ, जुन कानुनले गरीब व्यक्तिहरुलई (मुफ्त) नि:शुल्क न्याय दिलाउन सकोस्।



## यस सुविधाको लाभ कसले प्राप्त गर्न सक्छ

* अनुसूचित जाति र अनुसूचित जनजातिका व्यक्तिहरु।
* गैर कानुनी मानव व्यापारको चपेटमा परेका व्यक्तिहरु।
* ती व्यक्तिहरु, जसलाई भिक्षा मगाइन्छ।
* महिला एबं शिशुहरू।
* मानसिक रोगी व अपाङ्गहरू।
* जाति हिंसा, बाढी, भूकम्प वा अन्य आपदामा परेका व्यक्तिहरू।
* कारखानामा काम गर्ने व्यक्तिहरू।
* नारी निकेतन, किशोर गृह अथवा मानसिक रोगी गृहका व्यक्तिहरू।
* सालाना (बार्षिक) एक लाख भन्दा तल आमदानी भएका (गर्ने) व्यक्तिहरू।
* जेल मा बन्दी जीवन बिताइरहेका व्यक्तिहरू। ईत्यादि।

तहसील, जिला, राज्य व केन्द्र सबै तहमा नि:शुल्क कानुनी सहायता पाइन्छ। यी सबै तहमा सरकारले कानुनी सहायता

अधिकारी नियुक्त गरेको छ। सहायता अधिकारीलाई आवेदन चढाएर निःशुल्क कानुनी सहायता प्राप्त गर्न सकिन्छ।

**केही महत्वपूर्ण कुराहरु**

* यो सुविधा सम्पूर्ण निःशुल्क उपलब्ध छ।
* मामिलामा चाहिने कागजातहरुपनि निःशुल्क तयार पारिन्छन।
* आवेदकले सही जानकारी पाउँछन।
* निःशुल्क कानुनी सहायता नभेटेको खण्डमा यसको शिकायत जिल्ला न्यायाधीश या मुख्य न्यायाधीश समक्ष गर्न सकिन्छ।
* निःशुल्क कानुनी सहायता तहसिल, एस.डी.ओ, कलेक्टर, कमिश्नर, तहसिल अदालत, जिल्ला अदालत, उच्च न्यायालय र सर्वोच्च न्यायालय सबै ठाउँमा उपलब्ध छ।

## कानुनी सहायता कसरी प्राप्त गर्न सकिन्छ?

निःशुल्क कानुनी सहायता प्राप्तिका लागि कुनै पनि व्यक्तिले निःशुल्क कानुनी सहायता केन्द्रमा गएर संबंधित

अधिकारीलाई आवेदन चढाउनु पर्छ। आवेदन पत्रमा तल उल्लेख गरिएका जानकारीहरु दिन उचित छ

* आवेदनकर्ताको नाम।
* पिता को नाम।
* निवास स्थान।
* उमेर।
* कुन प्रकारको सहायता चाहिएको हो।
* मामिलाको व्योहोरा (विवरण)।
* आफ्नो आर्थिक स्थिति।

यसरी सम्पूर्ण जानकारी सहितै आफ्नो आवेदन चढाएपछि नि:शुल्क कानुनी सहायता अधिकारीले मामिलाको प्रारम्भिक जांच सुरु गरी उचित कानुनी सहायता प्रदान गर्ने छन।

# प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat


**STATE RESOURCE CENTRE ASSAM**

**1-CD, Mandovi Apartments, GNB Road**

**Ambari, Guwahati-781001**

**E-mail-srcassam@hotmail.com**

**A2J (NE&JK)**

**Copies .......**